# बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०८० साल माघ २३ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | १. संघीय सरकारबाट आ.व. ०८१/८२ का लागि प्रदान गरिने संघीय समपूरक अनुदानका लागि अनुसूची-१ बमोजिमका क्रमागत आयोजनाहरू तथा अनुसूची २ को उच्च प्राथमिकता क्रममा रहेका नयाँ आयोजना/कार्यक्रमको प्रस्ताव मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत् राष्ट्रिय योजना आयोगमा अनलाइन पेस गर्नका लागि स्वीकृति प्रदान गर्ने।<br>२. संघीय सरकारबाट आ.व. ०८१/८२ का लागि प्रदान गरिने संघीय विशेष अनुदानका लागि अनुसूची- ३ बमोजिमका क्रमागत आयोजनाहरू तथा अनुसूची- ४ को उच्च प्राथमिकता क्रममा रहेका नयाँ आयोजना/कार्यक्रमको प्रस्ताव मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत् राष्ट्रिय योजना आयोगमा अनलाइन पेस गर्नका लागि स्वीकृति प्रदान गर्ने। |
| २. | आ.व. ०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम प्रचलित कानून अनुसार खरिद प्रक्रिया अवलम्बन गरी कार्य सम्पन्न भएका तर भुक्तानी हुन बाँकी रहेका आयोजनाहरूको हकमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति अनुसार चालू आर्थिक वर्षको बजेट तथा कार्यक्रमबाट बचत हुने रकमबाट कार्यक्रम संशोधन/रकमान्तर गरी प्रचलित कानून, स्वीकृत मापदण्ड र प्रक्रिया अनुसार भुक्तानी दिने व्यवस्था मिलाउन स्वीकृति दिने। |
| ३. | शहरी विकास तथा भवन कार्यालय, मकवानपुरको आ.व. २०८०।८१ को स्वीकृत बजेट तथा कार्यक्रमको खर्च शीर्षक नं.३११५१ मा रहेको त्रिवेणी झोलुंगे देखि वाल्मीकि आश्रम जोड्ने बाटो स्तरोन्नती, माडी-०१ कार्यक्रममा विनियोजित बजेट रू.२०,००,०००।- (अक्षरेपि बीस लाख रुपैयाँ मात्र) चितवन राष्ट्रिय निकुञ्ज कार्यालयबाट प्रचलित कानून र स्वीकृत मापदण्ड अनुरूप खर्च गर्ने, लेखा परीक्षण गराउने लगायतको वित्तीय जिम्मेवारी वहन गर्ने गरी बागमती प्रदेश, विनियोजन ऐन, २०८० को दफा ५ को उपदफा (१) बमोजिम अख्तियारी दिने। |
| ४. | चितवन, भरतपुर स्थित गौतम बुद्ध अन्तरराष्ट्रिय क्रिकेट रङ्गशालाको प्रचलित कानून बमोजिमको खरिद प्रक्रिया अवलम्बन गरी हुने आगामी निर्माण कार्यमध्ये प्रथम चरणको रु. ७५ करोड सम्मको लागत अनुमानको ठेक्का भई खरिद सम्झौता भएको रकमको ७० प्रतिशत सम्मको बजेट प्रदेश सरकारले सशर्त अनुदान दिने गरी स्रोत सुनिश्चितता/प्रतिबद्धता उपलब्ध गराउने। आगामी आ.व. ०८१/८२ देखि ०८३/८४ सम्म प्रदेश सरकारले व्यहोर्ने बजेट रकम सामाजिक विकास मन्त्रालयको बजेट सिलिङ भित्र रही वार्षिक कार्यक्रममा समावेश गरी प्रस्ताव गर्नुपर्ने र उल्लिखित बजेट प्रचलित कानून, स्थापित मापदण्ड र प्रक्रिया अनुसार कार्यान्वयन गरी लेखा परीक्षण लगायतको वित्तीय दायित्व सम्बन्धित नगरपालिकाले बहन गर्ने। |

द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

## बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०८० साल माघ ११ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | यातायात पूर्वाधार निर्देशनालय, हेटौंडामा प्रदेश इन्जिनियरिङ सेवा, सिभिल समूह, निर्देशक (अधिकृतस्तर एघारौं) पदमा कार्यरत श्री लोक नाथ रेग्मी (क.सं.नं.१४५९९०) लाई निजामती सेवा ऐन, २०४९ को दफा ३३ बमोजिम मिति २०८०/११/१५ गते देखि लागू हुने गरी अनिवार्य अवकाशको जानकारी गराउने। |
| २. | जिल्ला हुलाक कार्यालय, मकवानपुरको स्वामित्वमा रहेको हेटौंडा उपमहानगरपालिका वडा नं. ११ थानाभन्याङस्थित साबिकको सूचना केन्द्र कार्यालय रहेको जग्गा र उक्त जग्गामा रहेको भवन सञ्चार रजिष्ट्रार कार्यालयको प्रयोगको लागि हस्तान्तरण हुन नेपाल सरकार समक्ष अनुरोध गर्ने। |
| ३. | समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" स्वीकृत गर्ने। |
| ४. | "चेपाङ समुदायको उत्थानका लागि चिउरी र चमेरो संरक्षण कार्यक्रम सञ्चालन निर्देशिका, २०८०" स्वीकृत गर्ने। |
| ५. | "बागमती प्रदेश स्तरीय ज्येष्ठ नागरिक नीति, २०८०" स्वीकृत गर्ने। |
| ६. | "शैक्षिक छात्रवृत्ति निर्देशिका, २०८०" स्वीकृत गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।